# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत २२ गते २०५८ साल (अतिरिक्ताङ्क ७७


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सिफारिशमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम देहायको आदेश जारी गरिबक्सेको छ।

१. आतङ्ककारी गतिबिधिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग नपुग्ने गरी गोष्ठी, सभा, सम्मेलन वा अन्तरक्रिया गर्न तथा राजनीतिक दलहरूद्वारा आफ्ना राजनीतिक कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ। तर यस्ता कार्यक्रम सञ्चालन गर्नु पूर्व सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति लिनु पर्नेछ।

२. आतङ्ककारीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग नपुग्ने गरी लेख, रचना, टिप्पणी, समाचार प्रकाशन र प्रसारण गर्न सकिनेछ।

३. श्री ५ को सरकारले मन्त्रालय वा सो अन्तरगतका विभाग तथा अन्य कार्यालयका कर्मचारीलाई सङ्कटकालीन अवस्थाको अवधिभर आवश्यकतानुसार काज खटाउन, सरुवा वा पदस्थापन गर्न, का०म मुकायम मुकरर गर्न वा रिक्त पदमा अस्थायी नियुक्ति गर्न सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

४. आतङ्ककारी गतिविधि नियन्त्रणका लागि खटिएका सुरक्षा निकायहरूको मनोबलमा प्रतिकूल असर पर्ने गरी उनीहरूको काम कारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सार्वजनिक टीका-टिप्पणी गर्न पाइने छैन ।

५. यो आदेशमा लेखिएकोमा यसै बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।